चम्पादेवी गाँउपालिका, ओखलढुंगा
१ नं. प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्ड ४, संख्या ३ मिति: २०७८।११।२४
भाग २

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा १ बमोजिम चम्पादेवी गाउँ कार्यपालिकाले स्वीकृत गरी जारी गरेको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको लागि प्रकाशन गरिएको छ।

## आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७८

### प्रस्तावना

गाउँपालिका क्षेत्रभित्र हुने प्राकृतिक तथा गैर प्राकृतिक विपद, अत्यन्तै न्यून आर्थिक स्थिति भएका दीर्घरोगी जस्तै मुटु, मृगौला, क्यान्सर, पक्षघात तथा मस्तिष्क घात लगायतका मानव जीवनमा असर पार्ने जस्ता

चम्पादेवी गाँउपालिका, ओखलढुंगा
१ नं. प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्ड ४, संख्या ३ मिति: २०७८।११।२४

भाग २

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा १ बमोजिम चम्पादेवी गाउँ कार्यपालिकाले स्वीकृत गरी जारी गरेको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

## आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७८

प्रस्तावना

गाउँपालिका क्षेत्रभित्र हुने प्राकृतिक तथा गैर प्राकृतिक विपद, अत्यन्तै न्यून आर्थिक स्थिति भएका दीर्घरोगी जस्तै मुटु, मृगौला, क्यान्सर, पक्षघात तथा मस्तिष्क घात लगायतका मानव जीवनमा असर पार्ने जस्ता

२) गाउँपालिकाको कार्यक्षेत्र भित्र भैपरी आएको विशेष परिस्थितिमा तत्काल आवश्यक देखिएको कार्य गरि क्षति न्यूनीकरण गर्ने,

३) स्थानिय तहमा रहेका अत्यन्त विपन्न दिर्घरोगिहरु, दुर्घटनामा परि अंगभंग हुनेहरुलाई तत्काल राहत उपलब्ध गराउने,

## परिच्छेद ३
## कोष स्थापना

७. कोष स्थापना

१) आर्थिक सहायता कोष नाम गरेको कोषको स्थापना हुनेछ ।

२) यस कोषको नाम चेम्पादेवी गाउँपालिका आर्थिक सहायता कोष रहनेछ ।

३) कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन प्रमुखको संयुक्त दस्तखत बाट हुनेछ ।

८. कोषमा जम्मा हुने रकम

१) गाउँसभाबाट आर्थिक सहायता कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

२) दातृ निकाय, गैर सरकारी संस्था, संघीय सरकार, प्रदेश सरकार, अन्य स्रोतहरुबाट कोषलाई प्राप्त हुने रकम,

## परिच्छेद ४
## कोषको रकम परिचालन सम्बन्धि व्यवस्था

९. कोषबाट खर्च हुने क्षेत्र :

(क) कोषबाट प्राकृतिक विपदबाट भएका धनजनको क्षति र दिर्घरोग लागेका विपन्न सदस्यको उपचार खर्चको लागि आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।





(ख) प्राकृतिक विपद जस्तै आगलागी, बाढी पहिरो तथा भूकम्पको कारण धनजनको क्षति भएमा देहाय अनुसारको सहयोग उपलब्ध गराउन सक्नेछ ।

| क्र.स. | आर्थिक सहयोग गर्ने क्षेत्र (क्षेतीको विवरण) | सामाग्री तथा | नगद अनुदान सहयोग |
|---|---|---|---|
| | | तत्काल उपलब्ध गराउने राहत सामग्री | सहयोग गर्ने रकम |
| १ | घर र गोठ सबै जलेर/बगेर/पुरिएर/ सम्पूर्ण सामाग्री समेत नष्ट | पाल थान १, खाना पकाउने तथा खाने भाँडा १ सेट,१ हप्ताको लागि आवश्यक पर्ने खाना | ५०००-१०००० |
| २ | घर जलेर/बगेर/पुरिएर सम्पूर्ण सामाग्री समेत नष्ट | | ५०००-१०००० |
| ३ | घर र गोठ दुवै जलेर सम्पूर्ण सामाग्री समेत नष्ट भएमा र मानिसको समेत मृत्यु भएमा | | ५०००० सम्म |
| ४ | घर र गोठ दुवै जलेर सम्पूर्ण सामाग्री समेत नष्ट भएमा र पशुको समेत मृत्यु भएमा | | १००००-३०००० |

| | | | |
|---|---|---|---|
| ५ | गोठ मात्र जलेर र पशुको समेत मृत्यु भएमा | | ५०००-२५००० |
| ६ | गोठ जलेर/बगेर/पुरिएर सम्पूर्ण सामाग्री समेत नष्ट | | ५०००-२५००० |
| ७ | प्राकृतिक प्रकोपमा परि घाइते भएका व्यक्तिको लागि अस्पताल गइ उपचार गर्नु परेमा | | ५०००-२०००० |

३) थप क्षति हुनबाट जोगाउन तथा संरक्षण गर्न, यथास्थितिमा ल्याउन मर्मत सम्भार एवं निर्माण गराउन आवश्यक देखिएमा प्राविधिकको लागत अनुमानमा आधारित रहेर कार्य सम्पन्न मुल्यांकन पश्चात ५० हजार सम्मको ५०%, १ लाख सम्मको ३०% र १ लाख भन्दा बढि जतिसुकै रकमको ६०% गाउँपालिकाले नै दायित्व लिनुपर्ने अवस्था देखिएका क्षेत्रमा भएको क्षतिको पूननिर्माण कार्य गाउँपालिका आफैले गर्न सक्नेछ । नगद अनुदान उपलब्ध गराइनेछ । नगद अनुदान दिदा दफा (ख १-६) बमोजिमको नगद अनुदान रकम कटाइ बाँकी रकम मात्र भुक्तानी गरिनेछ ।

४) विभिन्न जटिल तथा दिर्घरोग जस्तैः क्यान्सर, मुटु, रोग,मृगौला रोग, पक्षघात तथा मष्तिष्कघात जस्ता रोग लागि उपचार प्राप्त गर्न समस्यामा परेका गरिव/विपन्न नागरिकको लागि रोगको प्रकृति र निजको आर्थिक अवस्था हेरी प्रति व्यक्ति रु १०,००० देखि ५०,००० सम्म उपचार खर्च उपलब्ध गराउन सक्नेछ ।





१०. सहयोग माग गर्दा पेश गर्नुपर्ने कागजातः

१) गाउँ कार्यपालिकाको कार्यालयमा दफा ९ बमोजिमको आर्थिक सहयोग प्राप्त गर्न यसै दफाको उपदफा (२) र (३) बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

(२) प्राकृतिक विपदबाट धनजनको क्षति सन्दर्भमा पेश गर्नुपर्ने कागजातहरु

(क) निवेदन

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस

(ग) सम्बन्धित प्रहरी चौकीको स्थलगत सर्जमिन मुचुल्का प्रतिवेदन

(घ) क्षतिको फोटो

(ङ) आवश्यक भएमा क्षतिको प्राविधिक मुल्यांकन

(च) विपन्नताको हकमा सम्बन्धित वडा कार्यालयको विपन्नता प्रमाणित सिफारिस पत्र

(छ) अन्य आवश्यक प्रमाणहरु

(३) गाउँपालकाले औषधी उपचारका लागि सहयोग उपलब्ध गराउदा निम्न प्रक्रिया अवलम्बन गर्नेछः

(क) सम्बन्धित व्यक्ति वा निजका अभिभावक वा निजको संरक्षकको निवेदन,

(ख) निवेदन साथ सम्बन्धित अस्पताल, नर्सिङ होम वा स्वास्थ्य क्लिनिक वा जांच गर्ने स्वीकृत चिकित्सकले जाँच गरेका प्रमाणका प्रतिलिपि, यस्ता कागजात निवेदन दिने मिति भन्दा १ एक वर्ष पुरानो भएमा मान्य हुने छैन ।

(ग) सम्बन्धित चिकित्सकले उपचारका लागि लेखि दिएका औषधीहरुको विवरण र सो खरिदका लागि अनुमानित लाग्ने खर्चको विवरण,

(घ) कडा रोग लागि अप्रेसन गर्नुपर्ने, कुनै अंग फेर्नुपर्ने वा उपचारका लागि धेरै खर्च लाग्ने भएमा सोको लागि मेडिकल वोर्डको सिफारिस पेश गर्नु पर्नेछ ।

(ङ) विपन्नताको हकमा सम्बन्धित वडा कार्यालयको विपन्नता प्रमाणित सिफारिस पत्र

११. आर्थिक सहयोगको निर्णय :

(१) दफा १० बमोजिम प्रक्रिया पुरा गरि सहयोग माग भएमा रु २००००|- सम्मको हकमा अध्यक्षले तोक आदेश गर्न सक्नेछन ।

(२) उपदफा (१) मा तोकिएको भन्दा माथिको आर्थिक सहायता रकम उपलब्ध गर्न परेमा कार्यापालिकाको बैठकले निर्णय गर्नुपर्नेछ ।

(३) दफा ९ को उपदफा (२) बमोजिमको सामाग्री तत्काल उपलब्ध गर्न अध्यक्षले तोक आदेश गर्न सक्नेछ ।

परिच्छेद ५

कोषको आर्थिक तथा प्रशासकनिक व्यवस्था

१२. कोषको आर्थिक तथा प्रशासनिक व्यवस्थाः

(१) कोषको आर्थिक तथा प्रशासनिक व्यवस्थापन स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धि प्रचलित कानुन अनुसार हुनेछ ।

१३. अलग्गै कोष व्यवस्था नगरिए सम्म वजेट तथा कार्यक्रमको सम्बन्धीत शिर्षकबाट यस कार्यविधिको अधिनमा रही आर्थिक सहायता उपलब्ध गराइनेछ ।





परिच्छेद ६

विविध

१३. आर्थिक सहायता कोषको रकममा वृद्धि गर्न सक्नेः

(१) गाउँपालिकाले गाउँ सभाबाट स्वीकृत गराई आर्थिक सहायता कोषमा रहने रकममा आवश्यक अनुसार वृद्धि गराउन सक्नेछ ।

१४. जाँच पास तथा फरफारक

(१) कोष बाट खर्च भएको जाँच पास तथा फरफारक प्रचलित कानुन बमोजिम हुनेछ ।

१५. कार्यविधिको संशोधनः

(१) यस कार्यविधिलाई गाउँकार्यपालिकाले आवश्यक देखेमा संशोधन गर्नेछ ।

१६. बचाउ र खारेजीः

(१) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै कार्यविधि बमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख नभएको व्यवस्थाको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धि प्रचलित कानुन बमोजिम हुनेछ । कुनै कारणबाट कोष संचालन हुन नसकेमा वा कोषको औचित्य नदेखेमा गाउँकार्यपालकाले कोषलाई खारेज गर्न सक्नेछ ।

आज्ञाले,
प्रेम प्रसाद सुवेदी
नि.प्रमुख प्रशासकीय अधिकृत